
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २२ गते बुधबार ❑ 6 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'गिरिजाबाबु युगपुरुष र शिखरपुरुष हुनहुन्छ'– प्रधानमन्त्री

रासस
काठमाडौं, २१ असार

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल ट्रेड युनियन कांग्रेसका संस्थापक नेता एवं पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको शालिक अनावरण गर्नुभएको छ ।



कोइरालाको ९९ औँ जन्मजयन्तीका अवसरमा गिरिजाप्रसाद कोइराला श्रमिक स्मृति भवन अनामनगरमा निर्माण गरिएको सो अर्धकदको शालिकको आज बिहान प्रधानमन्त्री देउवाले अनावरण गर्नुभएको हो ।

कार्यक्रममा प्रधानमन्त्री देउवाले गिरिजाबाबु कहिल्यै नथाक्ने नेता मात्र होइन मिलनसार पनि हुनुहुन्थ्यो भन्नुभयो । "कठिन राजनीतिक आरोह, अवरोह पार गर्नुभएका कोइरालाले नेपालमा लोकतन्त्र स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्नुभएको छ, उहाँ युगपुरुष र शिखरपुरुष हुनुहुन्छ", सभापति देउवाले भन्नुभयो । प्रधानमन्त्री देउवाले गिरिजाब ाबुले मजदूर आन्दोलन सुरु गर्नुभएको विराटनगरस्थित जुटमिलमा ऐतिहासिक सङ्ग्रहालय बनाउन सरकार सकारात्मक रहेको बताउनुभयो । उहाँले हतियार उठाएर सशस्त्र विद्रोह सुरु गरेको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन गिरिजाबाबुको ठूलो योगदान रहेको स्मरण गर्नुभयो । "गिरिजाबाबुले अगाडि सार्नुभएको सहमति, सहकार्य, एकता आजको दिनमा पनि उत्तिकै सान्दर्भिक छ", उहाँले भन्नुभयो । म जे बोल्छु, त्यही गर्छु भन्ने गिरिजाबाबुको अडान भएको प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभयो । कांग्रेस उपसभापति धनराज गुरुङले मुलुकलाई शान्ति प्रक्रियामा ल्याउन कोइरालाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले संविधानको रक्षाका लागि आजका दिनमा गठबन्धनलाई सही ढङ्गले अगाडि बढाउनुपर्ने उल्लेख गर्नुभयो । उपसभापति गुरुङले स्वर्गीय कोइराला कुशल सङ्गठनकर्ता भएको बताउनुभयो। कांग्रेस नेत्री सुजाता कोइरालाले श्रमिकको दुःख बुझ्ने नेता गिरिजाबाबु भएको बताउनुभयो । नेत्री कोइरालाले गिरिजाबाबुले मजदूर आन्दोलन सुरु गर्नुभएको विराटनगरस्थित जुटमिलभित्रका ऐतिहासिक सामग्रीलाई सङ्ग्राहलय स्थापना गरी संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यले मजदूरको हक, अधिकार रक्षाका लागि नेपाल ट्रेड युनियन कांग्रेसले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले ट्रेड युनियन कांग्रेसका संस्थापक अध्यक्ष एवं पूर्व प्रधानमन्त्री गिरिजाबाबुको शालिक अनावरण गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

विसं २०४७ मा स्थापना भएको ट्रेड युनियन कांग्रेसमा हाल २७ सङ्घ आवद्ध रहेको ट्रेड युनियनका उपाध्यक्ष अजयकुमार राईले जानकारी दिनुभयो। ट्रेड युनियन कांग्रेसमा हाल चार लाख श्रमिक आवद्ध छन् । आज अनावरण गरिएको अर्धकदको शालिक पाटन औद्योगिक क्षेत्रका कलाकार धर्म शाक्यले निर्माण गर्नुभएको हो ।

## 'द्रुत परिवर्तित संसारमा व्यक्तिगत रूपान्तरण'

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

पोखरा विश्वविद्यालयको रजत जयन्तीका अवसरमा 'द्रुत परिवर्तित संसारमा व्यक्तिगत रूपान्तरण' विषयक प्रशिक्षात्मक कार्यक्रम सम्पन्न भएको छ । विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा आयोजित कार्यक्रमको प्रमुख प्रशिक्षकमा आध्यात्मिक चिन्तिकद्वय डा चिन्तामणि नाथ योगी तथा प्रा डा विशाल सिटौला हुनुहुन्थ्यो ।

सो अवसरमा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले व्यक्तिगत तथा सामाजिक रूपान्तरणका लागि व्यक्तिमा चिन्तन, मनन हुनुपर्नेमा जोड दिनुभयो । रूपान्तरणका लागि मन छुनुपर्ने उल्लेख गर्दै उहाँले प्राज्ञिक थलोमा मैले के गर्दैछु भन्ने कुरा बुझेर मात्र अगाडि बढ्न सबैलाई आग्रह गर्नुभयो ।

विश्वविद्यालयका रजिष्ट्रार डा दीपकबहादुर भण्डारीले जीवनोपयोगी कुरालाई समयमा नै सिक्नुपर्ने बताउँदै व्यक्तिले समयानुसार सोचाइमा परिवर्तन गर्दै ज्ञानलाई अद्यावधिक गर्दै जानुपर्नेमा जोड दिनुभयो । व्यक्तिगत कमी-कमजोरी, गुण-अवगुण सबैमा हुने तर तिनको समयमै पहिचान गरी अगाडि बढ्नुपर्नेमा उहाँको जोड छ । कार्यक्रमका प्रमुख प्रशिक्षक डा योगीले पोखरा विश्वविद्यालयमा सबैको अपनत्व रहेको उल्लेख गर्दै यहाँ सबैको सिर्जना, साधना र आत्मियता रहेको बताउनुभयो । उहाँले यहाँ बोलिने र लेखिने कुराको गहिरो महत्व रहेको जनाउँदै विश्वविद्यालय सुधार्न सबै सकारात्मक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । डा योगीले व्यक्तिले आफ्नो जीवनको नक्सा आफैँ बनाउने हो भन्दै यसो गर्न नसके उसमा परिवर्तन हुनै नसक्ने बताउनुभयो । सुन्दर मानव जीवनलाई खुम्चाएर नभई फुकाएर, बेखुसी भएर नभई खुसी भएर, हारेर नभई जितेर जिउनुपर्ने उहाँको तर्क थियो ।

अर्का प्रशिक्षक प्रा डा सिटौलाले पोखरा विश्वकै सुन्दर पर्यटकीय सहर भएको र यसको भ्रमणका लागि युरोपियनहरू सपना देख्ने गरेको उल्लेख गर्नुभयो । व्यक्तिगत रूपान्तरणबिना समाज र देश नबन्ने भन्दै उहाँले मानिसले आफ्नो बानी, आदत बदल्नुपर्ने बताउनुभयो । परिवर्तनका लागि मानिसमा जागरूकता, करूणा, सहानुभूति, सेवाभाव, असल नियत र इच्छाशक्तिजस्ता गुणहरू आवश्यक रहेको उहाँको भनाइ छ । पोखरा विश्वविद्यालय योजना तथा कार्यक्रम महाशाखा प्रमुख सह प्रा डा दीपकराज पौडेल तथा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सह प्रा डा नमराज धामीले व्यक्तिगत रूपान्तरणको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो ।

## माछापुच्छ्रे गाउँपालिकालाई राष्ट्रपति रनिङ शिल्डको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

कास्की जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि माछापुच्छ्रे गाउँपालिकाले जितेको छ ।

पोखरा रङ्गशालामा सोमबार सम्पन्न रनिङ शिल्ड प्रतियोगितामा समग्रमा १५ स्वर्ण, १४ रजत र एक कास्य पदकसहित माछापुच्छ्रेले उपाधि उचालेको हो । प्रतियोगितामा पोखरा महानगर पालिका १४ स्वर्ण र ११ रजतसहित उपविजेता बन्दा अन्नपूर्ण गाउँपलिका एक स्वर्ण र दुई कास्यसहित तृतीय स्थान हासिल गर्न सफल भयो ।

प्रतियोगितामा छात्र भलिबलतर्फ अन्नपूर्णले स्वर्ण जित्दा पोखरा महानगरले रजत र माछापुच्छ्रेले कास्य पदक जितेको छ भने छात्रातर्फको भलिबलमा पोखरा महानगरले स्वर्ण, माछापुच्छ्रेले रजत र अन्नपूर्णले कास्य पदक हात पारेको छ ।

यसैगरी कबड्डीमा छात्रतर्फ पोखराले स्वर्ण र माछापुच्छ्रे गाउँपालिकाले रजत जितेको छ भने छात्रा कबड्डीमा माछापुच्छ्रेले स्वर्ण र पोखरा महानगरले रजत पदक जितेको कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जानकारी दिनुभयो। एथलेटिक्स छात्र र छात्रातर्फ माछापुच्छ्रेले स्वर्ण १४, कास्य १२, पोखरा महानगरले १२ स्वर्ण र रजत नौ वटा पदक जित्न सफल भए भने अन्नपूर्णले समग्रमा चार कास्य पदक जितेका छन् । एथलेटिक्स खेलमा १३ वटा इभेन्टहरू सम्पन्न भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नगर विकासद्वारा सार्वजनिक जमिन संरक्षण सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

पोखरा उपत्यका नगर विकास समितिले आफ्नो जमिन संरक्षणको काम सुरुआत गरेको छ । जिल्ला अदालत कास्कीको यही असार १३ गतेको फैसलाबाट समितिलाई प्राप्त भएको पोखरा-९ न्यूर ोडको पाँच रोपनी चार आना जमिन समितिले संरक्षणको काम थालेको हो ।

सो जमिनमा बनेका संरचनाबाहेकका क्षेत्र सम्याएर संरक्षणको काम थालिएको पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं समितिका सदस्य सचिव बलराम रिज्याललले जानकारी दिनुभयो । उहाँका अनुसार सो जमिन तत्कालका लागि पार्किङ प्रयोजनका लागि संरचनाबाहेकको जमिनलाई सम्याइएको हो। उहाँले भन्नुभयो, "सम्मानित अदालतको फैसलाबमोजिम प्राप्त जमिनमा रहेका संरचना हटाउन ३५ दिनको समय दिएका छौँ। बाँकी रहेको जमिनमा डोजर लगाएर सम्याउने काम गरेका छौँ । जमिन तत्कालका लागि पार्किङ प्रयोजनका लागि प्रयोग हुन्छ।" महानगर प्रमुख धनराज आचार्यले गत साता उपत्यका नगर विकास समितिको अध्यक्षमा पदभार ग्रहण गर्दै पोखरा उपत्यका नगर विकास समितिको नाममा कति जमिन कस्तो अवस्थामा छ भनेर एक महिनाभित्र सार्वजनिक गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । समितिको पहिलो बैठकले जिल्ला अदालत कास्कीको फैसलाअनुरुप उपत्यका नगर विकास समितिको ठहर्ने फैसलाबाट प्राप्त जमिन सार्वजनिक हितका लागि प्रयोग गर्न खाली गराउने निर्णय गरेको थियो ।

सो जमिन चिप्लेढुङ्गादेखि सभागृहअन्तर्गत सडक निर्माणका लागि विसं २०३२ मा तत्कालीन पोखरा नगर योजना कार्यान्वयन समितिले ४१ जना स्थानीय जग्गाधनीहरूबाट कबुलियतनामा गराई अधिग्रहण गरेको जग्गामध्ये समितिको नाममा आउन बाँकी जग्गा हो ।

जिल्ला अदालतका न्यायाधीश श्रीकृष्ण भट्टराईको इजलासले सोही जग्गामा पोखरा उपत्यका नगर विकास समितिको दाबी पुग्ने फैसला गरेको हो । सो जग्गामा धेरै पहिलादेखि नै पोखरा-४ का कोइराला परिवारको दाबी रहँदै आएको थियो । स्थानीयले दाबी गर्दै आएको जग्गा सार्वजनिक र सरकारी कायम गरीपाऊ भनी नागरिक समाजका अगुवाले जिल्ला अदालतमा रिट दायर गरेका थिए । नगर योजना कार्यान्वयन समिति उत्तराधिकार संस्था पोखरा उपत्यका नगर विकास समितिले पनि जमिन आफ्नो हुनुपर्ने दाबीसहित मुद्दा हालेको थियो ।

## गण्डकीमा बजेट माथिको छलफल जारी

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

गण्डकी प्रदेशसभामा बजेट माथिको छलफल जारी छ । प्रदेशसभाको मंगलबारको बैठकमा सदस्यहरूले बजेटका सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको छ ।

बैठकमा प्रदेशसभा सदस्य रामशरण बस्नेतले बजेटमा एउटा र रातो किताबमा अर्कै आउने जस्ता प्रवृत्ति देखिएको बताउनुभयो । जनताका आवश्यकतातर्फ बजेट केन्द्रित नभएको उहाँले बताउनुभयो । यस बजेटबाट जनताका इच्छा र चाहना पूरा नहुने उहाँले बताउनुभयो । बाढीका कारण जनजीवन अस्तव्यस्त भएको अवस्थामा सरकारले बेवास्ता गरेको आरोप लगाउनुभयो ।

सरकारमा जवाफदेहिता नदेखिएको उहाँले बताउनुभयो । मनकुमारी गुरुङले आफ्नो साधनस्रोतलाई ख्याल गर्नुपर्ने अवस्थामा हैसियत अनुसार बजेट आएको बताउँदै धेरै विषयलाई बजेटले समेटेको बताउनुभयो । सरकारले जनतालाई अत्यावश्यक कतिपय नयाँ कार्यक्रम ल्याएको उहाँले बताउनुभयो ।

कतिपय कार्यक्रम नीति तथा कार्यक्रममा परे पनि बजेटमा नसमेटिएको बताउँदै उहाँले रातो किताबमा ती विषय समेटिएर आउने विश्वास व्यक्त गर्नुभयो । लेखबहादुर थापाले बजेट जनमुखी रहेको बताउनुभयो । करको दायरा फराकिलो बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

धनमाया पोखरेल लामाले सङ्घीयताको मर्म र भावनाअनुसार प्रदेशमा देखिने विवाद तथा समस्या यहाँ नै समाधान गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले जनताका पक्षमा सबै एक ठाउँमा उभिनुपर्ने आवश्यकता औँल्याउनुभयो । सावित्रा रानाले सरकारले ल्याएको बजेट परिणाम दिने खालको हुनुपर्नेमा वितरणमुखी आएको बताउनुभयो । योजना छनोट विधि नै गलत अवलम्बन गरिएको उहाँले बताउनुभयो। यो बजेटले समृद्धिको यात्रा तय गर्न नसक्ने उहाँको भनाइ छ ।

भागवत प्रकाश मल्लले जनताका आवश्यकता र अपेक्षालाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । मोहनप्रसाद रेग्मीले बजेट गन्तव्यमा पुग्ने किसिमको नभएको बताउनुभयो। सत्तापक्ष आफैँभित्र लुछाचुँडीमा लागेको बताउँदै उहाँले जनताका अपेक्षालाई ध्यान नदिइएको बताउनुभयो । आजको छलफलमा इन्द्रलाल सापकोटा, विनोद केसीलगायत सदस्यहरूले भाग लिनुभएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा वार्षिक १० करोड बढी कारोबार गर्ने २२ व्यवसायी

**प्रकाश डोटेल**
**स्याङ्जा, २१ असार**

कर प्रणालीलाई क्रमश डिजिटल प्रणालीमा रुपान्तर गर्ने उद्देश्य अनुरुप सरकारले साउन एकदेखि वार्षिक १० करोड बराबरको कारोबार गर्ने व्यवसायीहरु अनिवार्य अनलाइन बिलिङ्मा जार्नुपर्ने बनाएको छ। आर्थिक वर्ष २०७९/०८० को सुरुदेखि विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने छ। तर, सो भन्दा कम कारोबार गर्ने व्यवसायीलाई भने स्वेच्छिक छ।




स्याङ्जाका केही व्यवसायीले यसअघि समेत अनलाइन बिलिङ गर्दै आएको जनाएका छन्। जिल्लामा वार्षिक १० करोडभन्दा माथिको कारोबार गर्ने २२ जना व्यवसायी मात्रै छन्। उनीहरु मार्फत वार्षिक २ अर्ब ७४ करोड १६ लाख रुपैयाँ बराबरको आर्थिक कारोबार हुने गरेको छ। जिल्लामा ठुल्ठूला उद्योग व्यवसाय, कल कारखाना छैनन्। वार्षिक १० करोड कारोबार गर्नेहरुमा पेट्रोल पम्प, वितरक, निर्माण व्यवसायी, मोटर पार्टस सप्लायर्स र हार्डवेयर व्यापारी हुन्। तर, ५ करोडसम्मका कारोबारी भने ६० देखि ७० जना रहेको उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष रविन्द्रमान श्रेष्ठले बताए। सो रकम भ्याट बाहेकको रहेको उनले जानकारी दिए। अनलाइन बिलिङ गर्दा कर तथा लेखा प्रणालीलाई पारदर्शी, व्यवस्थित, विश्वसनीय बनाउनुका साथै काममा सहजता र कर सहभागिता लागत कम लाग्ने अध्यक्ष श्रेष्ठले बताए। "सामान्यतया करोडौंको कारोबार गर्ने व्यवसायी अब प्रविधिमैत्री बन्नैपर्छ।" श्रेष्ठले भने, "प्रविधिको उपयोगले व्यवसायीलाई हित गर्ने र प्रविधि उपयोगमा सहजग रहनु आजको आवश्यकता हो।"

व्यवसायीलाई अनलाईन बिलिङ्मा जानुपर्ने भएपछि जिल्ला उद्योग वाणिज्य संघले वार्षिक १० करोड भन्दा बढी कारोबार गर्ने जिल्लाका व्यवसायीलाई प्रशिक्षण दिएको छ। संघको आयोजना र करदाता सेवा कार्यालयको समन्वयमा विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यवस्थाका बारेमा व्यवसायीलाई जानकारी गराइएको छ। करदाता कार्यालय प्रमुख शोभाकान्त पंगेनीले आउँदो आर्थिक वर्षदेखि वार्षिक १० करोडभन्दा माथिका कारोबार गर्ने व्यवसायीले अनिवार्य अनलाइन बिलिङ् गर्नुपर्ने भएकाले सबै व्यवसायीले राज्यका नीति बमोजिम काम गर्न आग्रह गरेका छन्। अनलाइन बिलिङ्ले व्यवसाय पारदर्शि हुने भएकाले यस्ता नीति अवलम्बन गरिएको उनको भनाइ छ। विद्युत्तीय उपकरणबाट सामान खरिद र बिक्रीसम्बन्धी कारोबार गर्नेगरी नीतिगत व्यवस्था र यसका प्रक्रियाका बारेमा प्रमुख पंगेनीको सहजीकरण गरेका थिए। उनले विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यवस्थाका बारेमा कार्यपत्र प्रस्तुत गर्दै विधि, प्रक्रिया र पद्धतिकाबारेमा जानकारी गराए। प्रशिक्षणमा १० करोडभन्दा माथि कारोबार गर्ने जिल्लाका व्यवसायीहरुको सहभागिता रहेको संघका सचिव मित्रबन्धु पोखरेलले बताए।

# सराङ्कोटमा कृषकहरुलाई कृषि सामग्रीहरु हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

कास्कीको सराङ्कोटमा कृषकहरुलाई कृषि सामग्री र विभिन्न फलफूलका बिरुवाहरु हस्तान्तरण गरिएको छ। कृषि ज्ञान केन्द्र कास्की र भावना सामुदायिक कृषि सहकारी संस्था सराङ्कोटको सहयोगमा ती सामग्रीहरु वितरण गरिएको हो।



क्लस्टरमा रैथाने बाली संरक्षण तथा विस्तार कार्यक्रम अन्तर्गत हाते ट्र्याक्टर, भकारी र विभिन्न फलफूलका बिरुवाहरु सोमबार एक कार्यक्रम आयोजना गरेर कृषकहरुलाई बाँडिएको सहकारीले जानकारी दिएको छ।

सो अवसरमा कृषकहरुलाई ६ बटा हाते ट्र्याक्टर मिनि ट्र्याक्टर, २५ बटा भकारी र ५ सय ६५ बटा विभिन्न फलफूलका बिरुवाहरु प्रदान गरिएको छ। लिची, अम्बा, आँप, एभोकाडो, सुन्तला र कागतीका बिरुवाहरु वितरण गरिएको हो। त्यसैगरी पोखरा महानगरपालिकाको कृषि तथा पशु विकाश महाशाखाको ५० प्रतिशत अनदानमा १६ लिटर क्षमताका १० बटा स्प्रे वितरण गरिएको छ। भावना सामुदायिक कृषि सहकारी सराङ्कोटको ५० प्रतिशत अनुदानमा १६ लिटर क्षमताका १५ बटा स्प्रे पनि कृषकहलाई प्रदान गरिएको छ।

कृषि सामग्रीहरु हस्तान्तरण गर्दै कार्यक्रमका प्रमूख अतिथि महानगरको वडा नं १८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले कृषकहरुको तथ्यांक संकलन गरिने बताउनु भयो। विशेष अतिथि कृषि ज्ञान केन्द्र कास्कीका प्रमूख शालिकराम अधिकारीले यो कार्यक्रम अर्को वर्ष पनि संचालन गरिने जानकारी दिँदै रैथाने बाली संरक्षण गर्नु पर्नेमा जोड दिनु भएको थियो। सहकारीका अध्यक्ष बलराम कोइरालाको अध्यक्षतामा भएको कार्यक्रमका विशेष अतिथि वडा सदस्यहरु नवराज सुवेदी, रमेश थापा, मीना नेपाली र कल्पना ढकालले पनि कृषकहरुलाई ती सामग्रीहरु वितरण गर्नु भएको थियो। सहकारीका सचिव मीनबहादुर थापाले संचालन गरेको कार्यक्रममा संस्थाका उपाध्यक्ष बेलबहादुर थापा र संस्थापक अध्यक्ष मित्रमणि तिमिल्सिनाले शुभकामना मन्तव्य राख्नु भएको थियो।

## माछापुच्छ्रे...

निर्णायक श्यामबहादुर श्रेष्ठले बताउनुभयो।

प्रतियोगितामा विजेता खेलाडी तथा टिमलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेशकुमार गुरुङ, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु केसी, क्षेत्रीय खेलकुदका निर्देशक कृष्ण तिमिल्सिना, गण्डकी प्रदेश भलिबल सङ्घका अध्यक्ष नवीन गुरुङलगायतले नगद, मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो।जिल्लास्तरीयप्रतियोगिताबाट राष्ट्रपति रनिङ शिल्डअन्तर्गत एथलेटिक्स, भलिबल, कबड्डी, तेक्वान्दो, उसु र कराते गरी छ खेल आयोजना भएका थिए।

जिल्लास्तरीय प्रतियोगिताबाट प्रदेशस्तरीय रनिङ शिल्डका लागि ८४ खेलाडीको छनोट गरिएको कार्यालय प्रमुख बरालले जानकारी दिनुभयो। प्रदेशस्तरीय रनिङ सिल्ड यही असार २३ र २४ गते पोखरामा आयोजना हुँदैछ।

# पहिरोले पाँच परिवार विस्थापित

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ असार**

वर्षासँगै आएको पहिराका कारण बागलुङको काठेखोला गाउँपालिका-७ रेशका पाँच परिवार विस्थापित भएका छन्।

पहिरोले स्थानीय सम्मरबहादुर कार्की, मञ्जु कार्की, उजेली कार्की, प्रेमबहादुर जिसी र लोकबहादुर जिसीको घरमा पूर्णरुपमा क्षति पुर्‍याएको छ। स्थानीय लिलाबहादुर कार्कीका अनुसार उनिहरुलाई सुरक्षित स्थानमा सारिएको छ। सो स्थानका अन्य १४ घर पनि पहिराको उच्च जोखिममा रहेका छन्। अहिले स्थानीयको सहयोगमा पहिरो हटाउने कार्य जारी छ। काठेखोला गाउँपालिकाको न्यायिक समितिले पीडितलाई राहत वितरणको तयारी गरेको छ। उनीहरुलाई छिमेकीको घरमा आश्रय लिने गरी व्यवस्थापन मिलाइएको छ।

# पोखरामा हुने 'इक्यान शैक्षिक मेला'को तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीको आयोजनामा हुने सातौं संस्करणको 'इक्यान शैक्षिक मेला'को तयारी अन्तिम चरणमा पुगेको छ।




यहि शुक्रवार र शनिवार पोखराको सभागृह हलमा हुने मेलाको तयारी अन्तिम चरणमा पुगेको आयोजकले मंगलवार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो। मेला संयोजक तथा इक्यान कास्कीका कोषाध्यक्ष युवराज पौडेलले नेपाली विद्यार्थीहरुलाई स्वदेशी एवम् विदेशी शिक्षा प्रणाली तथा प्राप्त योग्यताको भावी सम्भावना र अवसरहरुको परामर्श दिन मेलाको आयोजना गरिएको बताए। 'मेला बृहत हुनेछ। शैक्षिक मेलामा विदेशमा पढाई हुने कोर्ष, विभिन्न देशको भिसा नीति, त्यहाँ प्राप्त हुन सक्ने छात्रवृत्ति तथा सहुलियत, सुविधा एवं गुणस्तरिय शिक्षामा नेपाली विद्यार्थीहरुको समुचित पहुँच लगायत विविध विषयका लागि पनि मेला उपयोगी हुनेछ। विद्यार्थीले सही सूचना पाउनेछन्।' उनले भने। उनले इक्यान शैक्षिक मेला वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थी एवं तिनका अभिभावकहरुको लागि प्रभावकारी भएकाले मेलालाई निरन्तरता दिइएको बताए। साथै उनले शैक्षिक क्षेत्रमा भएका परिवर्तन, विभिन्न देशका शिक्षा नीति, रहनसहन, वातावरण, समाज सम्वन्धित कलेजहरु तथा विश्वविद्यालयमा लाग्ने शिक्षण शुल्क, स्वास्थ्य विमा, अध्यागमन शुल्क आदिको वारेमा अध्यावाधिक र आधिकारिक जानकारी लिने थलोको रुपमा इक्यान शैक्षिक मेला प्रभावकारी माध्यम बन्ने विश्वास व्यक्त गरे। गण्डकी प्रदेशको सबैभन्दा ठुलो शैक्षिक मेला आयोजकको रुपमा इक्यान कास्की स्थापित भएकाले मेलाप्रति विद्यार्थीको विश्वास बढेको संस्थाका अध्यक्ष इविन्द्रराज तिवारीले जानकारी दिए। उनले शैक्षिक परामर्श तथा भाषा शिक्षण सम्वन्धी निर्देशिका २०६८ बमोजिम शैक्षिक परामर्श तथा प्रमाणिकरण शाखा शिक्षा मन्त्रालयबाट स्वीकृत प्राप्त यो मेलामा प्रतिष्ठित शैक्षिक परामर्शदातृ संस्थाहरुका अनुभवी एवं तालिम प्राप्त परामर्श दाताहरुले करिव ४० स्टलबाट आधिकारिक तथा प्रभावकारी सूचना एवं परामर्श निःशुल्क रुपमा दिईने बताए। मेलाको टाईटल स्पोन्सर इन्टरनेशनल कलेज अफ अप्लाईड साईन्सका म्यानेजिङ डाइरेक्टर समीर थापा मगरले नीजि परामर्श दातृ संस्थाहरुको छाता संगठन इक्यान कास्कीले शैक्षिक गतिविधिलाई बढाउन गरेको अभ्यास सुखद् रहेको उल्लेख गरे। पोखरा क्षेत्रबाट उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या बढिरहेकाले मेलामा विद्यार्थीको आकर्षण बढ्ने उनले बताए।

मेलामा शैक्षिक परामर्श व्यवसायीहरु, स्वदेशी शैक्षिक संस्थाहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, युके, अमेरिका, डेनमार्क, जापान, जर्मन, नर्वे, स्वीडेन, फिनल्याण्ड, दक्षिण कोरिया, भारत लगायत देशका कलेज तथा विश्वविद्यालयका आधिकारिक प्रतिनिधिहरु सहभागी हुने संस्थाका सचीव सन्तोष शाहीले जानकारी दिए। पियरसन (पिटीई) को प्रस्तुतिमा आयोजनामा हुने मेलाको टाईटल स्पोन्सरमा इन्टरनेशनल कलेज अफ अप्लाईड साईन्स रहेको प्रचारप्रसार संयोजक कमलनाथ बरालले जानकारी दिए। साथै एसोसियट स्पोन्सरमा रेन्सफोर्ड कलेज अस्ट्रेलिया र मुख्य प्रयोजकमा इडियु ग्रुप अष्ट्रेलियाले साथ दिएको उनले बताए।

# भानुभक्तको जन्म जयन्तीमा राष्ट्रिय कविता प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असार**

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको दुई सय नवौं जन्मजयन्तीका अवसरमा आयोजना गरिएको राष्ट्रियस्तरको खुल्ला कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट कविता प्राप्त भएको छ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले भानुभक्तको जन्मजयन्तीका अवसरमा आयोजना गर्न लागेको खुल्ला कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट कविता प्राप्त भएको हो। कविता पठाउने अन्तिम दिन सोमबारसम्म सो कविता प्राप्त भएको समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगिताका लागि ८७ जनाको कविता प्राप्त भएको छ। उक्त कविताहरू असार २८ गते वाचन गरिनेछ। कविता वाचनका लागि प्रतियोगी स्वयं उपस्थित हुनुपर्ने रानाभाटले बताउनुभयो। विकास समितिले भानुभक्तको जन्मजयन्ती तीन दिन विविध कार्यक्रमका साथ मनाउँदैछ। सोही क्रममा चुँदीरम्घामा कविता प्रतियोगिता आयोजना गरिएको छ। कविता प्रतियोगिताका लागि नुवाकोट, ओखलढुङ्गा, चितवन, काठमाडौँ, कास्की, रुपन्देही, तनहुँ, सुनसरी, बैतडी, मकवानपुर, बारा, रोल्पा, बर्दिया, झापा, कैलाली, नवलपरासी, खोटाङ, स्याङ्जा, पर्वत, कपिलवस्तु, भक्तपुर, लमजुङ, पाल्पा, सिन्धुपाल्चोक, गोरखा, इलाम, सिराहा, धनुषा, नवलपुर, रामेछाप, ताप्लेजुङ, अछाम, ललितपुर, दोलखा र गुल्मीबाट सहभागीले कविता पठाएका छन्। प्रतियोगितामा प्रथमलाई रु २० हजार, द्वितीयलाई रु १५ हजार, तृतीयलाई रु १० हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजारका दरले पुरस्कार वितरण गरिनेछ। कविता नेपाली भाषामा लेखिएको हुनुपर्ने, युनिकोडमा टाइप गरेको हुनुपर्ने, कविता कसैको व्यक्तिगत चरित्र, राष्ट्र, धर्म, जातजाति र राजनैतिक आक्षेप लगाउने किसिमको हुन नहुने जनाइएको छ। भानुजयन्तीका अवसरमा असार २७ गते स्थानीय मठमन्दिरमा पूजाअर्चना र साँझ दीपावली, २८ गते भानुभक्तीय रामायण वाचन प्रतियोगिता, राष्ट्रियस्तरको खुल्ला कविता प्रतियोगिता र विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगिता, असार २९ गते प्रभातफेरि, भानुभक्तको सालिकमा माल्यार्पण, श्रद्धाञ्जलि सभा, साहित्य तथा सांस्कृतिक कार्यक्रम गरिनेछ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# पेट्रोलियम पदार्थ घटाउने नीति ल्याऊ

जब जब पेट्रोलियम पदार्थको मूल्य बढाउनुपर्ने बेला आउँछ तब तब कोटाको कुरा आउँछ। नेपालमा पेट्रोलियम पदार्थको खपत घटाउन कहिले सातामा दुई दिन विदादिने निर्णय गरियो। दुई दिने निर्णय अब्यवहारिक भएको भन्दै एक महिनापछि फिर्ता गरियो। पेट्रोलियम पदार्थको खपत कति घट्यो जनतालाई जानकारी दिने काम भएन। साशकलाई के लहड चल्छ त्यही निर्णय गर्ने गरिएको छ। सरकारले कर घटाएर राहत दिने निर्णय लामो समय कायम हुन सकेन। अहिले फेरि कोटाको कुरा चर्चामा ल्याउन खोजिएको छ। घाटा थेग्नै नसक्ने भएपछि नेपाल आयल निगमले पेट्रोलियम पदार्थ बिक्रीमा कोटा तोक्न सुझाव दिएको छ। निगमले सोमबार प्रधानमन्त्री, उद्योग वाणिज्य मन्त्रालय र गृहमन्त्रालयलाई पेट्रोलियम पदार्थको खपत घटाउन बिक्रीमा कोटा तोक्न सुझाव दिएको छ।

निगमले मोटरसाइकल र स्कुटरलाई एक पटकमा पाँच लिटर र कार/जीप लगायत साना सवारी साधनलाई २० लिटर मात्रै इन्धन दिन प्रस्ताव गरेको छ। इन्धनको खपत घटाउन र अनावश्यक सवारी साधन खरिद नगर्ने र मितव्ययी कसरी गर्ने भन्ने बहस हुन छाडेको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य आकासिएपछि निगमको मासिक नोक्सानीनै १० अर्ब माथि पुगेपछि खपत घटाउने तत्कालको विकल्प निगमले अघि सारेको हो। 'पेट्रोलियम पदार्थको बद्दो मूल्यले निगमको नोक्सानी मात्रै बढेको छैन। विदेशी सञ्चितिमा समेत प्रभाव पारेको छ। त्यसैले खपत घटाउन विगतमा पनि खपत घटाउन निगमले साताको दुई दिन बिदाको प्रस्ताव गरेको थियो। तर त्यो प्रस्ताव एक महिना पनि टिकेन।' निगमले योबाहेक खपत घटाउन सवारी साधनमा जोरबिजोर प्रणाली कार्यान्वयनमा ल्याउन सुझाव दिएको छ।

सार्वजनिक तथा अत्यावश्यक सेवाका सवारी साधनबाहेक सरकारी र निजी सवारी साधनमा जोरबिजोर प्रणाली कार्यान्वयन गर्न आवश्यक देखिन्छ। निगमले पठाएको सुझावमा देशका प्रमुख सहरहरुमा प्रत्येक शनिबार गाडीरहित सार्वजनिक बिदाको घोषणा गर्न सुझाव दिएको छ। अहिले सार्वजनिक विदा भएपनि निजी तथा सरकारी गाडी निर्वाध रुपमा चल्छन्। निगमले विद्युतीय सवारी साधनको प्रयोगमा वृद्धि गर्न प्रमुख सहर र राष्ट्रिय राजमार्गहरुमा निःशुल्क चार्जिङ स्टेशन निर्माण गर्न सार्वजनिक निजी पार्किङ स्थानमा विद्युतीय सवारी साधनका लागि निःशुल्क पार्किङस्थल तोक्न सुझाव दिएको छ। निगमले छोटो दूरीमा सवारी साधनको सकभर प्रयोग नगरी पैदल यात्रा आह्वान गर्न सुझाव दिएको छ। राजनीतिक नेतृत्व र राजनीतिज्ञले सादा जीवन जिउने प्रण नगरेसम्म यी सबै सार्वजनिक खपतका लागि हुनेछन्।

मोटरसाइकल, कार, सरकारी सवारी साधनमा सिट अनुसारनै यात्रु राखेर चलाउने व्यवस्था गर्न निगमले सुझाव दिएको छ। कुनै पनि सवारी साधन खाली हिड्न निरुत्साहित गर्न निगमले भनेको हो। नाकाबन्दीमा जस्तै कारपुल चलाउनुपर्ने निगमले सुझाव छ। अहिले निजी तथा सरकारी सवारी साधन एक/दुई जना यात्रु राखेर मात्रै हिड्ने गरेका छन्। निगमले पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधन र अन्य उपकरण आयातमा प्रतिबन्ध लगाउन सुझाव दिएको छ। निगमले खाना पकाउने एलपीजी ग्यासको खपत कम गर्न विद्युतीय चुल्हो सहुलियत दरमा बिक्री गर्न र घरायसी प्रयोजनको बिजुलीको शुल्क कम गर्न सुझाव दिएको छ। निगमले ठूला उद्योग, परियोजना, होटल लगायतले डिजल र एलपीजी ग्यासको खपत नगरी बिजुलीको खपत गर्ने नियम बनाउन सुझाव दिएको छ। राजनीतिक पार्टी र नेताहरूको जीवन शैलीमा फेरबदल नभएसम्म अल्पकालीन सुझाव प्रचारका लागि मात्र हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# रेडक्रस र लायन्स क्लबद्वारा आँखा शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**



नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखा र लायन्स क्लब अफ पोखरा भैरवको संयुक्त आयोजना आयोजित जेष्ठ नागरिक लक्षित निशुल्क आखा शिविरमा हिमालय आखा अस्पताल घारिपाटन पोखराको सहयोगमा राम बजार जेष्ठ नागरिक मिलन केन्द्रमा आबद्ध रहेका जेष्ठ नागरिक लक्षित मोतिबिन्दुको निशुल्क अप्रेशनका साथ संचालित आखा शिविर एक कार्यक्रमको आयोजन गरि रामबजार जेष्ठ नागरिक मिलन केन्द्र रामबजारको सभाकक्षमा सम्पन्न भएको छ।

निशुल्क मोतिबिन्दु अप्रेशन तथा आखा शिविर कार्यक्रममा वडा नं १० का वडा अध्यक्ष राजेश गुरूङ्ग को प्रमुख अतित्थ्यतामा शुभारम्भ गरिएको उक्त आखा शिविरको जेष्ठ नागरिक ८७ बर्षिया यो बहादुर गुरुङ्ग लाई शिविरको प्रिपेशनकार्ड हस्तान्तर गरि कार्यक्रमको उद्धाटन गर्नु हुदै रेडक्रस र लायन्स क्लब जस्तो पवित्र सस्थाले जेष्ठ नागरिक लक्षित आखा शिविर राखी मानब सरिरको अति आवश्यक अग आखा को बचाउ आखा सम्बन्धि केहि समस्याभए त्यसको समाधान र निशुल्क अप्रेशन जस्ता शिविर संचालन गरि बाबा आमाहरूको सेवाका काममा लागी पर्ने भएकोमा हार्दिक धन्यबाद दिनु हुदै आउदा दिनमा मानबिय सेवाका राम्रा कार्यहरू वडा आफैले गर्ने जानकारि गराउनु हुदै वडामा हुने स्वास्थ्य समस्यालाई समाधान गर्ने लक्ष्य राखिएको बताउनु भयो। उक्त निशुल्क मतियार विन्दु अप्रेशन आखा शिविर मा रामबजार जेष्ठ नागरिक मिलन केन्द्र का बयोबृद्धाहरू र अन्य गरि २ सय १५ जनाको आखा परिक्षण गरिएकोमा ६ जनामा मोतिया बिन्दी भै अप्रेशन गर्नुपर्ने भई हिमालय आखा अस्पताल मा रिफर गरिएको उक्त शिविरमा आखा सम्बन्धि औषधि र चस्मा निशुल्क बितरण गरिएको उपशाखा १० का सभापति सम्मर बहादुर श्रेष्ठले बताउनु भयो।

उक्त आँखा शिविरको अबसरमा नेपाल रेडक्रस सोसाइटी पोखरा १० द्वारा रूपक गुरुङ्ग लाई बिशिष्ठ सदस्यको प्रमाण पत्र र बिन प्रसाद गुरुङ्ग लगायतका ४ जनालाई आजिबन सदस्यको प्रमाण पत्र बितरण गरिएको शिविरमा २ सय १५ जना लाई निशुल्क औषधी चस्मा बितरणका साथ ६ जना जेष्ठ नागरिक को आखा अप्रेशन गर्न सिफारिस गरि सम्पन्न गरिएको आखा शिविरमा हिमालय आखा अस्पताल घारिपाटनका नेत्र सहायक डा. धर्मभन्दा घोडासैनी, नेत्र सहायक प्रतीक्षा बास्तोला, नेत्र सहायक आषिश शाहिन, नेत्र सहायक अञ्जली भुसाल, र नेत्र सहायक अरुण रोकाय लगायतका प्रबिधिकले आखाको प्रशिक्षण गर्नु भएको उक्त शिविरमा लायन्स क्लब अफ पोखरा भैरव का सस्थापक अध्यक्ष एवं लायन्स क्लब अफ अन्तर्राष्ट्रिय ३२५ '८' नेपालका असिस्टिएन चिफ एडभाइजर ला. सुरेन्द्र मान बिजुक्छे, राम बजार जेष्ठ नागरिक मिलन केन्द्रका कार्यबाहक अध्यक्ष माया गुरुङ्ग भुजेल, हिमालय आखा अस्पताल घारिपाटनका नेत्र सहायक डा. धर्मेन्द्र घोडासैनी लगायतकाले आ आफ्नो बिचार राखेपको उक आखा शिविर मा फेवा बचत तथा ऋण सहकारी संस्था लि. जिरो किमि र नरहरि मेडिकल सर्भिस राम बजारको बिषेश सहयोग रहेको थियो।

उक्त आँखा शिविरमा नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखा, लायन्स क्लब अफ पोखरा भैरव र जेष्ठ नागरिक मिलन केन्द्रका स्वयम सेबक हरूले सहयोग गरि सम्पन्न शिविर मा लायन्स क्लब अफ पोखरा भैरव का प्रथम उपाध्यक्ष ला. कृष्ण सुबेदीले स्वागत, नेपाल रेडक्रस सोसाइटी पोखरा १० का उप सभापति जीवन श्रेष्ठले रेडक्रसका सात सिद्धान्त बाचन गरर्नु भएको उक्त शिविर मा लायन्स क्लब अफ अन्तर्राष्ट्रिय ३२५ "के" का डिपार्मेन्ट चिफ एवं ब्लड डोनेसन गण्डकी प्रदेश का चिफ ला. श्रीकृष्ण कतिला ले सहयोगी सम्पुर्ण लाई धन्यवाद दिनु भएको शिविर मा नेपाल रेडक्रस सोसाइटी पोखरा - १० का सभापति सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा मोतिया बिन्दी अप्रेशन आखा शिविर सम्पन्न कार्यक्रममा उपशाखा १० का सचिव सुर्य बहादुर बानियाले संचालन गर्नुभएको थियो।

# उत्कृष्ट सहकारी पुरस्कृत

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असार**

राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाले तनहुँका दुई सहकारी संस्थालाई व्यवसाय पुरस्कार प्रदान गरेको छ। आर्थिक वर्ष २०७७/७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक-एक सहकारी संस्थालाई सोमबार दमौलीमा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो।

उत्कृष्ट कारोबार विधामा शुक्लागण्डकी नगरपालिकास्थित बेलचौतारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा दमौलीस्थित समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो।

बेल चौतारा सहकारीका अध्यक्ष हिमकुमार श्रेष्ठ र समृद्धि सहकारीका उपाध्यक्ष कृष्णबहादुर भुजेललाई व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक हुमाकुमारी जिसी( अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसी, बैंकका दमौली शाखा समन्वय उपसमितिका संयोजक अमरबहादुर कुँवरलगायतले पुरस्कृत गर्नुभयो। पुरस्कार वितरण कार्यक्रममा बोल्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेलेस्थानीयतहकोसमृद्धिका लागि सहकारीहरूसँगको सहकार्यमा जोड दिइएको बताउनुभयो। सहकारी आम समुदायलाई आर्थिक रूपमा सबल बनाउने र सामाजिक रूपमा सक्षम बनाउने अभियान भएको भन्दै न्यौपानेले स्थानीय तह र सहकारी मिलेर समुदायमा आर्थिक सामाजिक गतिविधिलाई प्रभावकारी बनाउनुपर्ने उल्लेख गर्नुभयो। राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक हुमाकुमारी जिसी (अञ्जु)ले सहकारीमार्फत समुदायको आर्थिक विकासका लागि सहकारी ऐन नियमको प्रभावकारी कार्यान्वयनसँगै समन्वय र सहकार्यका साथ अगाडि बढ्नुपर्ने बताउनुभयो।

# पर्यटन प्रवर्द्धनका लागि मितेरी साइनो

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असार**

तनहुँको पर्यटकीय नगरी बन्दीपुर र गोरखाको ऐतिहासिक पर्यटकीय नगरी बारपाकको पर्यटन प्रवर्द्धनका लागि दुवै ठाउँका व्यवसायी एकजुट भएका छन्। बन्दीपुर र बारपाकको प्रचारप्रसार गर्दै पर्यटन प्रबर्द्धनका लागि दुवै ठाउँका पर्यटन व्यवसायी, होटल व्यवसायी एकजुट भएका हुन्।

बन्दीपुरमा सोमबार आयोजित पर्यटन व्यवसायी, होटल व्यवसायीहरूको छलफलले दुवै ठाउँमा पर्यटक भित्र्याउनका लागि सहकार्य गर्ने सहमति गरेको छ। बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानका अनुसार बन्दीपुर र बारपाकलाई जोड्न मितेरी साइनो गाँस्ने निर्णय भएको जानकारी दिनुभयो। "बन्दीपुर तनहुँको पुरानो सदरमुकाम पनि रहेको र यसको ऐतिहासिक महत्व पनि छ, बारपाक पनि एउटा पर्यटकीय गाउँ हो, दुवै ठाउँलाई जोड्ने उद्देश्यले प्रचारप्रसार गर्ने, मितेरी साइनो गाँस्ने लगायतका विषयमा सहमति भएको छ", प्रधानले भन्नुभयो। छलफलमा बन्दीपुरस्थित पर्यटन व्यवसायी, होटल व्यवसायी, बारपाकाका वडाध्यक्ष, पर्यटन व्यवसायी, होटल व्यवसायीको सहभागिता थियो। बन्दीपुर आन्तरिकमात्रै नभई बाह्य पर्यटकको पनि गन्तव्यस्थलको रूपमा विकास भइरहेको छ। १८ औं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारहरूले भक्तपुरे शैलीमा घर र ढुङ्गा बिछ्याइएको बाटो निर्माण गरेका थिए। बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ। बन्दीपुर बजारमा भएका पुरानो घरहरूको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएको छ। बारपाक प्राकृतिक सुन्दरताले भरिपूर्ण गाउँ हो। बारपाक समुन्द्री सतहबाट दुई हजार मिटरमा अवस्थित छ। २०७४ सालको भूकम्पको केन्द्रविन्दु रहेको बारपाकमा अहिले घरहरू पुनर्निर्माण भइसकेको छ।

# विदेश जानुपूर्व सीपमूलक तालिमप्रति युवा आकर्षित

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ असार**

रोजगारीको अभावमा वैदेशिक रोजगारीमा जाने युवाहरूले पछिल्लो समय सीपमूलक तालिम लिन थालेका छन्। सीप सिकेर विदेश जाँदा सिकेकै काम पाइने, पारिश्रमिक राम्रो पाइने र काम नपाउने जोखिम कम हुने भएकाले युवाहरू सीपमूलक तालिममा सहभागी हुन थालेका हुन्। स्विट्जरल्यान्ड र नेपाल सरकारको साझेदारीमा बागलुङमा सञ्चालित सुरक्षित आप्रवासन परियोजनाले राहदानी बनाउने बेला नै युवाहरूलाई सीपमूलक तालिमका लागि प्रेरित गर्ने गरेको छ। परियोजना सुरु भएपछि चालु आर्थिक वर्षमा खाडी मुलुक, मलेसिया लगायतका देशहरूमा जाने १३१ जनाले सीपमूलक तालिम लिएका छन्।

"यो सकारात्मक तथ्याङ्क हो, युवाहरूलाई सीप सिकेर विदेश जाँदा धेरै कुरामा सहज हुन्छ," वैदेशिक रोजगार बोर्ड सामी परियोजनाका कार्यक्रम अधिकृत शिव रेग्मीले भन्नुभयो, "सुरुआतमा भन्दा यो वर्ष सीप सिक्न चाहने युवाको सङ्ख्या उल्लेख्य वृद्धि भएको छ।" कार्यक्रमले मेसन, कार्पेन्टर, हाउस किपिङ, कुक, तथा अन्य सीपमूलक तालिमहरू निःशुल्क उपलब्ध गराउने गरेको छ। "सीप सिकेपछि मजदुर दक्ष हुन्छ, सोही अनुसारको पारिश्रमिक पाउँछ, अदक्षले १० वर्षमा कमाउने पैसा दक्ष कामदारले पाँच वर्षमा कमाउन सक्छ," उहाँले भन्नुभयो, "अझै पछि एजेन्टहरूको दबाबमा सीप नसिकी विदेसिने धेरै छन्, यो गलत हो।" सामी परियोजना बागलुङका संयोजक मीनप्रसाद पौडेलका अनुसार परियोजनाले स्थापना गरेको आप्रवासी स्रोत केन्द्रबाट व्यक्तिगत परामर्श चार हजार ५६५ जनाले लिएका छन्। जसमा महिलाको सङ्ख्या एक हजार ७२६ छ। परियोजनाले समुदायमा आधारित कार्यक्रम चलाउँछ। आप्रवासी स्रोत केन्द्रमा दर्ता तथा समाधान भएका घटनाहरूको सङ्ख्या ९१ रहेका छन्। विदेश जान गरेको लगानी ठगिएका, विदेशमा ठगिएका, अप्ठयारोमा परेका, तलबभत्ता नपाएका लगायतका गुनासा तथा समस्या केन्द्रमा आउने गरेका छन्।

## श्री मालपोत कार्यालय कास्कीबाट जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं. ९ साविक दाङ्गसिङ्ग ९ निवासी समनसिंको नाति रन बहादुरको छोरा नरजित मगरको मिति २०४६/०५/१५ मा मृत्यु भएको, निजको एकमात्र श्रीमती सिरीमति पुनको पनि मिति २०३१/०८/२२ मा मृत्यु भएको निजको ५ भाई छोराहरुमध्ये जेठो डिल बहादुर पुन विगत ५३ वर्षदेखि अविवाहित रुपमै वेपत्ता भएको र हाल सम्पर्कमा नरहेको, माईला छोरा चन्द्र बहादुर पुनको मिति २०७७/०७/०१ मृत्यु श्रीमती जसमाया पुन निवेदनक, साईला छोरा नरेश कुमार मगरको मिति २०६६/०८/२६ मा मृत्यु निजको पत्नि मान कुमारी मगर गुरुङ, काईला छोरा डिक विर र कान्छा छोरा तुल बहादुर पुनको माग निवेदन बमोजिम ज. ध. बाबु नरजित मगरको नाममा श्रेस्ता पुर्जा कायम रहेको दाङ्गसिङ्ग ९ मा रहेको तपशिलका जग्गाहरु निवेदकहरुको नाममा संयुक्त नामसारी गरिपाउँ भनि अन्नपूर्ण गा.पा.को च.न. १७९, मिति २०७८/०७/२९ को सिफारिस द.न. ६१७३ मिति २०७९/०३/२० को मागदावी पर्न आएकोले यो सूचना प्रकाशित गरिएको छ। जग्गाधनीको हकवाल जेठो छोरा डिल बहादुर पुन वेपत्ता नभएको र निजको तर्फबाट हकखाने कोही हकदार भएमा वा निवेदकहरु जसमाया पुन, मानकुमारी मगर गुरुङ, डिकविर पुन र तुल बहादुर पुनको नाममा संयुक्त नामसारी गरिदिएमा कोही कसैको हक स्वामित्वमा असर पर्ने भएमा यो सूचना प्रकाशित गरेको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्रमा आफ्नो प्रमाणसहित कार्यालयमा दाबी वा विरोध गर्न आउनुहोला। अन्यथा कानुनबमोजिम निवेदकहरु जसमाया पुन, मानकुमारी मगर गुरुङ, डिकविर पुन र तुल बहादुर पुनको नाममा संयुक्त नामसारी भई जाने व्योहोरा जानकारीको लागि अनुरोध छ।

तपशिलः दाङ्गसिङ्ग-९, कि.नं.-५३१, ६९०,७४६, ६४२, ७१६, ४५, ४३१, ४९४ र २७४।

जग्गाधनीको नामः नरजित मगर

ईति संवत् २०७९ साल असार २० गते रोज २ शुभम्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ मा डिही गाउँ नयाँ बाटो नाला निर्माण तथा ग्याभिङ बक्स ढुंगा भर्ने तथा खन्ने कार्य, साविक आर्वा माइकोथान देखि थापा चौतारा, ग्याभिङ बक्समा ढुंगा भर्ने ढलान तथा सोलिङ गर्ने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम: डिही गाउँ नयाँ बाटो नाला निर्माण तथा ग्याभिङ बक्स ढुंगा भर्ने तथा खन्ने कार्य, साविक आर्वा माइकोथानदेखि थापा चौतारा, ग्याभिङ बक्समा ढुंगा भर्ने ढलान तथा सोलिङ गर्ने
स्थान: पोखरामहानगरपालिका-१३, आर्वा विजय डिही गाउँ र थापा चौतारो आर्वा
योजना सम्झौता मिति: २०७८/०९/२५ गते
योजना शुरु मिति : २०७८/०९/२६ गते
योजना सम्पन्न मिति : २०७९/०३/२० गते
डिहीगाउँ नयाँ बाटो निर्माण महानगरपालिकाबाट : ३,५०,०००।-
जन सहभागिताबाट: ६२,८४५.२४।-
योजनाको कुल लागत : रु. ४१२८४५.२४।-
साविक आर्वा माइकोथान थापा चौताराबाटो निर्माण
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.३,५०,००० ।-
जन सहभागितावाट : रु.६३,४९५.९९।-
योजनाको कुल लागत : रु. ४१३,४९५.९९।-
महानगरपालिकाबाट जम्मा :रु. ७,००,०००।-
जम्मा लागत : रु ८२६३४१.२३।-
उपभोक्ता समिति अध्यक्ष: भोजराज बराल
अध्यक्ष सम्पर्क नं.: ९८४६०५७७८६ सदस्य संख्या: ९ जना

**साविक अर्वा विजय सडक ग्राभेलि मर्मत संभार उपभोक्ता समिति**
**पोखरा-१३, आर्वा विजय डिही गाउँ र थापा चौतारो आर्वा**

# रोटरी क्लब पोखरा मिडटाउनको अध्यक्षमा बाँस्तोला

पोखरापत्र संवाददाता
पोखरा, २१ असार



रोटरी क्लव अफ पोखरा मिडटाउनको २१ औ पदस्थापना सोमबार सम्पन्न भयो । क्लवको बर्ष २०२२-०२३ को रबीन्द्र नाथ बाँस्तोलाको अध्यक्षतामा निर्वाचित बोर्डलाई डिष्ट्रिक ३२ ९२ का गवर्नर ईलेक्ट राजेन्द्र ध्वजुले पदस्थापन गराउनु भयो ।

सो बोर्डको निबर्तमान अध्यक्षमा दिलिप शर्मा, आगामी अध्यक्षमा सोनि ढेवाजु, उपाध्यक्षमा सुर्य बराल र संगिता तिमिल्सिना रहनु भएको छ । यसैगरी कल्वको सचिवमा बिकास अधिकारी, कोषाध्यक्षमा बिष्णु माया गुरूङ, सहसचिवमा शिव कोईराला रहनु भएको छ भने बोर्ड डाईरेक्टरमा केशव आचार्य, सन्तोष पोखरेल, उपेन्द्र पौडेल, नवराज तिवारी र शान्ति श्रीष रहनुभएको छ । क्लवको ईडिटरमा डा पविन थापा रहनु भएको छ भने क्लव मनिटरमा रत्नमान गुरूङ र ट्रेनरमा रामचन्द्र पौडेल रहनु भएको छ ।

सोमबार भएको पदस्थापन समारोहमा क्लवले यस भोकेशनल अवार्ड बाट काठमाण्डौ बेकरीका सन्चालक रोशन महर्जनलाई सम्मान गरेको छ ।यसैगरी क्लवले ८४ बर्ष पुरा गरेका रोटरी परीवारका ४ जना जेष्ठ नागरिकलाई सम्मान गरेको छ भने शैक्षिक उपाधि हासिल गर्ने १८ जना रोटरीका परिवारजन एवं छोराछोरीलाई सम्मान गरेको छ । कार्यक्रमा रोटरीमा आवद्वहुने २ जना नयकका सदस्य र ३ जना पुराना सदस्यलाई रोटरी पीन लगाई स्वागत गरिएको थियो ।

अध्यक्ष रबीन्द्र नाथ बककास्तोलाको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि डिष्ट्रिक गभर्नर ईलेक्ट राजेन्द्र ध्वजु, पूर्प डिष्ट्रिक गभर्नर किरणलाल श्रेण्ठ, अशिष्टैण्ट गभर्नर राजेन्द्र लिगल, पव्लिक ईमेज को चियर राजकुमार गुप्ता , पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी रोशन महर्जन लगायतले शुभकामना ब्यक्त गर्नु भएको थियो ।

कार्यक्रमका स्वागत उपाध्यक्ष सोनी ढेवाजुले गर्नुभएको थियो सन्चालन सचिव विकास अधिकारी लगायत बिभिन्न बिधाका संयोजक जयमोहन भट्टराई, रत्नमान गुरूङ, केशव आचार्य, सन्तोष पोखरेल, उपेन्द्र पौडेल, नवराज तिवारी र सिवकोईरालाले बोल्नुभएको थियो ।

# सिङ्गामा शीतभण्डार

पोखरापत्र संवाददाता
म्याग्दी, २१ असार

म्याग्दीको बेनी नगरपालिकाले वडा नं ४ सिङ्गामा शीतभण्डार बनाउने भएको छ ।

आगामी आर्थिक वर्ष २०७९/८० मा शीतभण्डार बनाउन नगरपालिकाले रु एक करोड ९० लाख विनियोजन गरेको छ । कृषि उपज सङ्कलन, भण्डारण र व्यवस्थापनका लागि शीतभण्डार निर्माण गर्न लागिएको नगरउपप्रमुख ज्योति लामिछाने पौडेलले बताउनुभयो । "नगर क्षेत्रभित्र उत्पादन हुने कृषिजन्य उत्पादनको उचित व्यवस्थापनमा कोल्ड स्टोर कोसेढुङ्गा साबित हुनेछ," उहाँले भन्नुभयो, "कोल्डस्टोर नगरपालिकाले बजेट विनियोजन गरेको आगामी वर्षको सबैभन्दा ठूलो योजना हो ।" दुई वर्षअघि बेनी नगरपालिकालाई कोल्डस्टोर बनाउन सङ्घीय सरकारबाट बजेट विनियोजन भए पनि स्थान छनोट हुन नसकेपछि कार्यान्वयन हुन सकेको थिएन । कोल्डस्टोर बनेपछि सुन्तला, आलुलगायत कृषि उपज भण्डारण गरेर बेमौसममा बजारमा आपूर्ति गराउन र बढी मूल्य पार्न सकिन्छ । कूल रु ७३ करोड २२ लाख बजेट विनियोजन गरेको नगरपालिकाले पूँजीगततर्फ रु २७ करोड आठ लाख बजेट छुट्याएको छ । कृषि, पूर्वाधार र सामाजिक क्षेत्रमा प्राथमिकता दिएर बजेट विनियोजन गरेको नगरप्रमुख सुरत केसीले बताउनुभयो । नगरका सबै सडकमा बाह्रै महिना यातायात सञ्चालन गर्ने नीति लिएको बेनी नगरपालिकाले बेनी-पात्लेखेत सडकलाई रु एक करोड, दूधेखोला भकिम्ली सडकलाई रु ४७ लाख, बेनीको स्टेडियमलाई रु ५० लाख, बेनी पुलाचौर सडकलाई रु २५ लाख र बेनी ज्यामरुककोट सडकलाई रु २५ लाख विनियोजन गरेको छ ।


## ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७९/०३/२२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०७९/०२/१८ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा दोस्रो पटक यो सूचना प्रकाशित गरीएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज,हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● गम बहादुर तिवारीको नाति श्री बहादुर तिवारीको छोरा कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>**ऋणी : सागर तिवारी**<br>● श्री बहादुर तिवारीको बुहारी सागर तिवारीको श्रीमती कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७ घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>**धनजमानत : सुनिता अधिकारी तिवारी** | **सागर तिवारी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको माझठाना गा.वि.स. वडा नं. ७ को कित्ता नं.३७४,४२१,८६४ को क्षेत्रफल १-०-०-१, १-१२-२-२ र १-१०-२-२ को जग्गा |
| २ | ● हरिलाल सुनारको बुहारी निर्मल बहादुर सुनारको श्रीमती कास्की जिल्ला निर्मलपोखरी गा.बि.स. वडां नं ९ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>**ऋणी : दुर्गा कुमारी सुनार**<br>● गिरमान कामीको बुहारी विरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडां नं १ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>**धन जमानत : मया कामी** | **दुर्गा कुमारी सुनार**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स.वडां नं २ सिट नं. ० ९४११६७०४ को कित्ता नं ११२१८ को क्षेत्रफल ०-४-२-३ को जग्गा |
| ३ | ● गिरमान कामीको नाती बिरे कामीको छोरा कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : रुद्र बहादुर बि.क.**<br>● बिरे कामीको बुहारी रुद्र बहादुर बि.क.को श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : मेनुका बि.क.** | **रुद्र बहादुर बि.क.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ० ९४११६६४ को कित्ता नं. १२४५० को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ४ | ● गिरमान कामीको बुहारी बिरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : मया कामी**<br>● बिरे कामीको बुहारी चिरञ्जीवी सुनारको श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : सुजाता सुनार** | **मया कामी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ० ९४११६६४ को कित्ता नं. १२४५१ को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ५ | ● तोक बहादुर कार्कीको बुहारी बाबुराम कार्कीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : दानु कुमारी बस्नेत कार्की**<br>● बल बहादुर कार्कीको नाती तोक बहादुर कार्कीको छोरा कास्की जिल्ला काहुँ गा.बि.स. वडा नं.९ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : बाबुराम कार्की** | **दानु कुमारी बस्नेत कार्की** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. २ सिट नं. ० ९४११२६०१ को कित्ता नं. ७८४६ को क्षेत्रफल ०-४-०-३ र कित्ता नं. ३३५७ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ६ | ● मान बहादुर सार्कीको नाती लाल बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं. ११ बस्ने<br>**ऋणी : दल बहादुर सार्की**<br>● लाल बहादुर सार्कीको बुहारी दल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं.११ बस्ने<br>**धनजमानत : राम माया सार्की**<br>● लाल बहादुर सार्कीको नातिनी दल बहादुर सार्कीको छोरी तनहुँ जिल्ला व्यास न.पा वडा नं.११ बस्ने<br>**धनजमानत : संगीता बोहोरा** | **दल बहादुर सार्की**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स.वडा नं.६/ङ कित्ता नं २८६, ३५० को क्षेत्रफल २-७-०-०, १-७-०-० को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
**प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की**
**फोन नं. : ०६१-५३८८३३**



## नेपाल आयल निगम लिमिटेड
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**

## घर भाडामा लिने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०३/२२**

हवाई इन्धन डिपो पोखरामा कार्यरत कर्मचारी बस्नको लागि घर भाडा लिने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ र निगमको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली, २०६४ को विनियम १६५ बमोजिम तपसिल बमोजिमका पुरा मापदण्ड भएका ईच्छुक व्यक्तिले देहाय बमोजिमको कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र रु. १०।- को टिकट टाँस गरी सिलबन्दी सहित रितपूर्वक निगमको गण्डकी प्रादेशिक कार्यालय, पोखरा महानगरपालिका-३०, गगनगौंडामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ । साथै निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन पेश गर्न सकिने छ ।

**तपसिल**:

१. प्रस्ताव गर्ने घरमा कम्तिमा १२ कोठा, धारा, बिजुली, शौचालय तथा पार्किङको उचित प्रवन्ध भएको हुनु पर्नेछ ।
२. भाडामा दिने घर पोखरा महानगरपालिका वडा नं. ७, ८, १०, १४ र १७ भित्र हुनुपर्नेछ ।
३. निवेदनका साथ घर बनेको जग्गाको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि ।
४. नक्सापास प्रमाणपत्रका प्रतिलिपि ।
५. आ.व. २०७७/०७८ को सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि ।
६. घर निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपि ।
७. घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
८. घरधनीको स्थायी लेखा नम्बर ।
९. फर्म तथा संस्थाको हकमा फर्म तथा संस्था दर्ता प्रमाणपत्र ।
१०. फर्म नविकरण तथा कर चुक्ता र स्थायी लेखा नम्बरको प्रतिलिपि ।
११. प्रस्तावित मासिक घर भाडा रकम अंक र अक्षरमा खुलाई पेश गर्नुपर्नेछ ।
१२. प्रस्ताव पेश गर्दा घरधनी आँफै वा नियमानुसारको वारेस मार्फत पेश गर्नु पर्नेछ ।
१३. प्रस्ताव पेश गर्ने स्थान नेपाल आयल निगम लिमिटड, गण्डकी प्रादेशिक कार्यालय, गगनगौंडा, कास्की ।

**पुनश्च** : घर बहाल सम्बन्धी शर्तहरु दुई पक्षीय वीचको आपसी सम्झौताको आधारमा तय गरिनेछ । रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावलाई मान्यता दिइने छैन । प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी निगममा सुरक्षित रहनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

**नेपाल आयल निगम लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, गगनगौडा, कास्की**
**सम्पर्क नं. ०६१-४२१०१०/४२११६५**
**हवाई इन्धन डिपो, पोखरा**
**सम्पर्क नं. ०६१-५२१४४८**



## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)
**गण्डकी प्रादेशिक कार्यालय पोखरा**

## सटर भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०७९/०३/२२**

**कास्की जिल्ला पो.म.न.पा. १७, विरौटा स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको स्वामित्वमा रहेको १६ सटरहरु र साथको जग्गा भाडामा दिन सूचना प्रकाशन गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९/३/२० को निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. ३,३३,३५५।- (अक्षरुपी रु. तिन लाख तेत्तिस हजार तीन सय पचपन्न मात्र) भन्दा कम नहुने गरि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**
**फोन: ०६१-४५५२५९, ९८५६०८६७६७**
email: nfcpokhara@gmail.com